# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## दुर्गाथली गाउँपालिका

## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३४५

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दुर्गाथली गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले दुर्गाथली गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.५० लाख ६८ हजार बेरुजु देखिएको छ । सो मध्ये मिति २०७८।१२।२९ मा प्राप्त प्रतिकृयाबाट रु.२ लाख ६ असुल फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.४ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२६ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख ४५ हजार र पेश्की रु.६ लाख रहेको छ । पालिकाको गत वर्षसम्म रु.४ करोड ७४ लाख २२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड १७ लाख ५९ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

दुर्गाथली गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | ३५ | ५०६८ | ० | ० | २०६ | ५२ | ३५ | ४८९३ | ४०६ | १२४५ | २६४२ | ० | ० | ३८८७ | ६०० |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ४७४२२ | ० | ५५६ | ४६८६६ | ० | ४८९३ | ५१७५९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : दुर्गाथली गाउँपालिका, बझाङ , दुर्गाथाली गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्मराज उपाध्याय | २०७७-४-१ | |
| कार्यालय प्रमुख | केशव राज जोशी | २०७७-६-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपक राज पाण्डेय | २०७६-९-१३ | |
| | | **बेरुजु रकम** | ४,८९३,६१६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,९२,०७,१८१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २४,१५,५९,९६४ | **चालु खर्च** | १९,००,५७,१३६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५३,३३,७०७ | **पूँजीगत खर्च** | ११,४२,३४,१६३ |
| **राजश्व बाँडफाँट** | ४,३२,२४,५०२ | **वित्तीय/अन्य व्यवस्था** | ७,२२,९८,२३३ |
| **आन्तरिक आय** | ३३,१५,४२४ | | |
| **अन्य आय** | ७,४०,९२,०६४ | | |
| **कुल आय** | ३८,७५,२५,६६१ | **कुल खर्च** | ३७,६५,८९,५३२ |
| **बाँकी मौज्दात** | | ६,०१,४३,३०९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, ६१वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार जनसंख्या रहेको छ ।<br><br>**वित्तिय विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **बैंक हिसाव मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।तर पालिकाको संचित कोष खातामा श्रेस्ता अनुसार बाँकी रु २७४९१८९.५५ र बैंक स्टेटमेन्ट अनुसार बाँकी रु ३९१७७७.५ गरी बैक घटी रु २३५७४१२.०५ भएकोमा बैकले सो रकम सोहि दिन ट्रान्सफर नगरी २०७८।४।३ गते ट्रान्सफर गरेको बैक स्टेटमेन्टमा देखिन्छ । | |

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| स्थानीय सञ्चित कोष खाता | २७४९१८९.५५ | ३९१७७७.५ | (२३५७४१२.०५) |
| चालु खाता | १११३०९१६.९६ | १७४८३६०८.०२ | ६३५२६९१.०६ |
| पूँजीगत खाता | ३३२९३०५६.०५ | ४८९६६७१३.२१ | १५६७३६५७.१६ |
| प्रकोप कोष खाता | ६८०५४२.९८ | ९८६३३३.९८ | ३०५७९१ |

३

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १३५७८१०२ खर्च लेखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ४ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार | | |

| | | | | |
|---|---|---|---|---|
| | | | छलफल गर्नु पर्दछ । पालिकाले कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ५ | | | **कानून र सञ्चालन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ७ वटा ऐन, ३ वटा नियमावली, ९ वटा कार्यविधि लगायत १९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १५ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६ | | | **कार्य सञ्चालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागू गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई महिलासंग उपाध्यक्ष कार्यक्रम संचालन गरी रु २७१००० खर्च गरको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| ७ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएकोमा यो बर्ष २ वटा विवाद दर्ता भएकोमा १ वटा मात्र फछर्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ३ | १३६००० |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ४२ | १२४१८००० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १८ | १३२८५००० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | ३८ | ५९४६८००० |
| ५ | ५० लाख भन्दा माथीका | ४ | २४३५४००० |
| | **जम्मा** | **१०५** | **१०९८४१०००** |

९

**बजेट पेश,पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पार्वती देवि जप्रेलले २०७७।३।१० गते रु. ३६ करोड ६० लाख ८२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१०

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| पूँजीगत खर्च | ११७२०० | २७३ | २२२४८ | २५४०६ | ६९२७३ |
| खर्च प्रतिशत | १०० | ०.**२३** | १८.**९८** | २१.**६७** | ५९.**१२** |

११

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | १९८८७२५९ | १५१७२७२०.२९ | ४.९९ |
| सामाजिक क्षेत्र | १६३९७५४०० | १५१२९९८५७.९५ | ४९.७२ |
| पूर्वाधार विकास क्षेत्र | १०६९३१००० | ६८२४६७४९.६० | २२.४३ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २६९७३००० | २३६९१८७०.७८ | ७.७९ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ६८५६५३९१ | ४५८७४२४३.८२ | १५.०८ |
| जम्मा | ३८६३३२०५० | ३०४२८५४४२ | १०० |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ४९.७२ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकासमा ४.९९ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१२

**खर्च बिश्लेषण**

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ३३१५४२४ राजस्व बाँडफाँड र अनुदानबाट रू. ३१०११८१७३ समेत गरी रू. ३१३४३३५९७ आम्दानी भएकोमा चालु तर्फ रू.१९००५७१३६ र पूँजिगत तर्फ रू. ११४२३४१६४ गरी रू. ३०४२९१३०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा गत वर्षको बाकी र यो वर्षको गरी रु १०६९८५०० खर्च भएको छ जुन आन्तरिक आयको ३२२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.२८ प्रतिशत चालु र ३६.८३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न ११ पदमा ७१ जना कर्मचारीहरु करारमा राखी रु. ३९५८४२४० खर्च लेखेको छ । | |
| १४ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<br><table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>७</td><td>७</td><td>५</td><td>२</td></tr></table> | |
| १५ | | | **स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **सेवा प्रवाहको स्थिति** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **निवेदन दर्ता** | **सिफारिस भएको संख्या** |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| **पञ्जिकरणतर्फ** | **१५४७** | **१५४६** |
| जन्मदर्ता | १२१८ | १२१८ |
| मृत्युदर्ता | १४४ | १४४ |
| बसाईसराई दर्ता | ६७ | ६६ |
| विवाह दर्ता | ११८ | ११८ |
| सम्बन्धविच्छेद दर्ता | ० | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | | |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | ० | 0 |
| ग्राभेल सडक निर्माण | ० | ० |
| ग्राभेल सडक मर्मत | ० | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट गत आ व र यस आ व को गरी देहाय बमोजिम रु. १०६९८५०० सुविधा वापत भुक्तानी भएको छ । | |

| विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य २३ |
|---|---|---|---|---|---|
| यातायात खर्च | ० | १७१००० | १५२००० | ० | ० |
| टेलिफोन,मोबाइल | ११४००० | ९५००० | ४६५५०० | ३४२००० | ८४६००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | ९५००० | ८५५०० | ५३२००० | ३४२००० | ८४६००० |
| समन्वय तथा सहजीकरण | १७१००० | १३३००० | ७९८००० | ५७०००० | १२६९००० |
| अतिथि सत्कार | १९०००० | १७१००० | ९२१००० | ० | ० |
| खानेपानी/बिजुली/ सरसफाई | ६६३५०० | ५७००० | २६६००० | २२८००० | ४२३००० |
| चाडपर्व खर्च | ५०००० | ४५००० | २२४००० | १०८००० | ३१५००० |
| जम्मा | १२८३५०० | ७५७५०० | ३३६८५०० | १५९०००० | ३६९९००० |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **कानूनी सल्लाहकार**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस सुदूरपश्चिम प्रदेशमा स्थानीय तहका अध्यक्षले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर | २७०,००० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिका अध्यक्षको कानूनी सल्लाहकारका रुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री मोहन वहादुर दौल्याललाई नियुक्त गरी मासिक रु. २२५०० का दरले रु २७०००० भुक्तानी गरेको अनियमित देखिएको रु. | |
| १९ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. ९९३९६५ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २० | | | **आर्थिक सहयोग**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले यो वर्ष १५६००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा स्थानीय तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ७ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. २२१९००० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक क्रियाकलापमा कूल पालिकाको पुँजिगत बजेटको १.९४ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २२ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा मिति २०७८।६ १४ मा फिर्ता गरेको पाइयो । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | असारपछि फिर्ता भएको रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १५९२९८५४० | १४७४८६७४८.०७ | ९६३८५७५.**५१** | २१७३२१६.**४२** |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | ३४१०००० | ३४०९५५४.९४ | २५१४.०६ | ० |
| | विषेश | ६८००००० | ५२८१०१९.२५ | १५१८९८०.७५ | ० |
| | समपुरक | १५६२८००० | ९६५८२१२.२३ | ५९६९७८७.७७ | ० |
| | **जम्मा** | १८५१३६५४० | १६५८३५५३४ | १७१२९८५८ | २१७३२१६ |

२३

**अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहाय अनुसार स्वास्थ्य कृषि, पशु बीउपूँजी तथा अनुदानमा रु. ७०९४३५ खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२४

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित

प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन ।

| क्र स | स्रोत | योजनको नाम | खर्च | गा पा को खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | विशेष अनुदान | थलिजिउला सिचाँई कूलो वडा न ५ | १०९४००० | ० | १०९४००० |
| २ | विशेष अनुदान | सेलागाउ सिचाँईकूलो वडा न ४ | १४७१००० | ० | १४७१००० |
| ३ | विशेष अनुदान | छाला प्रशोधन केन्द्र | १५००००० | ० | १५००००० |
| ४ | विशेष अनुदान | अल्लो भाँगो प्रशोधन केन्द्र वडा ३ | ११९७००० | ० | ११९७००० |
| ५ | विशेष अनुदान | जडिबुटि प्रशोधन केन्द्र वडा ३ | १७००० | ० | १७००० |
| ६ | प्रदेश समपुरक | विजाडा रकैत मौलालि सडक वडा ३ | १४३३००० | १४३३००० | २८६६००० |
| ७ | प्रदेश समपुरक | डुम्रिपिपलकोट भण्डेल गाउँ सडक वडा ४ | ५०७००० | ५०७००० | १०१४००० |
| ८ | प्रदेश समपुरक | चागा गाग्रिपाटा अठिमाडा सडक वडा २ | १२६९००० | १२६९००० | २५३८००० |
| ९ | प्रदेश समपुरक | बागजाड तिलेलि सडक निर्माण वडा १ | ७५८००० | ७५८००० | १५१६००० |
| १० | प्रदेश समपुरक | विनायक चुवावन रातामाति सडक वडा ६ | १४७०००० | १४७०००० | २९४०००० |
| ११ | प्रदेश समपुरक | धडे सिचाँई योजना वडा १ | ९७२००० | ९७२००० | १९४४००० |
| १२ | प्रदेश समपुरक | सानिगाड लजवि नहर वडा २ | १३०८००० | १३०८००० | २६१६००० |
| १३ | प्रदेश समपुरक | महालिङ्ग निमावि भवन निर्माण वडा २ | १९३४००० | १९३४००० | ३८६८००० |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **वडा कार्यालयहरुको ढिला राजस्व दाखिला** | १४१,४०९ |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसर आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ।यस पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले नियम अनुसार ब्याज असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु. | |

| **वडा नं.** | **वडा सचिवको नाम** | **बैक दाखिला गर्न बाँकी** | प्रतिकृयाबाट हटेको रकम |
|---|---|---|---|
| 1 | दुर्गा ब. रावल | 136266 | ० |
| 2 | रुपा कुमारी जोशी | 206328 | 206328 |
| ४ | विशाल ब. सिंह | 1688 | ० |
| पशु शाखा | दिल बहादुर रोकाया | 3455 | ० |
| | **जम्मा** | **347737** | 206328 |

कार्यालयको मिति २०७८।१२।२९ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २०६३२८। मिति २०७९।१।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **राजस्व ठेली फिर्ता नगरेको**<br>निम्न वडाका वडा सचिवहरु आ.व.2077/78 को आन्तरिक राजश्व संकलनको लागि गाउँपालिका कार्यालयबाट आफुले बुझेकोमध्ये बाँकी नगदी र मालपोत ठेली लेखापरीक्षण भएको मितिसम्म पनि कार्यालयमा फिर्ता गरेको पाइएन।यसरी राजश्व संलकन गर्ने ठेली फिर्ता नबुझाउनु राजश्व मस्यौट तथा हिनामिनाको शंका उत्पन्न हुन जान्छ।तसर्थ, राजश्व संकलन जस्ता गम्भीर विषय भएकोले कार्यालयले यसको छानविन गरि वास्तविक तथ्य पता लगाई बाकी ठेली फिर्ता गर्न लगाई बदनियतबस राजश्व संकलन ठेली लुकाउने/राजश्व मस्यौट गर्ने तथा बाकी ठेली फिर्ता नगर्नेलाई कानुन बमोजिम कारबाही गर्नुपर्दछ। | |

<table>
<tr><td></td><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="4">फिर्ता नगरेको</td></tr>
<tr><td>वडा नं.</td><td>वडा सचिवको नाम</td><td>नगदी रसिद</td><td>मालपोत रसिद</td></tr>
<tr><td>1</td><td>दीर्घ बहादुर रावल</td><td>651-655</td><td>-</td></tr>
<tr><td>2</td><td>रुपा कुमारी जोशी</td><td>3101-3200<br>401-500<br>2101-2३00</td><td>-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td></td><td>रितपूर्वकको कर विजक<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्ककको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ९३१२३ समेत गरी रु. ७८७५१४ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>९३,१२३</td></tr>
</table>

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| गापा चालुको ७१। २०७७।९।५ | वोलन्या थली | ११०६९९७६७ | फोटोकपी विल | ३२७१४ | ... |
| प्रकोप व्यवस्थापनको १८। २०७७।४।७ | डि आर सर्जिकल्स | ६१०८४५१२१ | विल न १२ हातले लेखेको | ५८००० | ७५४० |
| १८। २०७७।४।७ | डि आर सर्जिकल्स | ६१०८४५१२१ | विल न ९ हातले लेखेको | १९५६५० | २५४३४ |
| १८। २०७७।४।७ | डि आर सर्जिकल्स | ६१०८४५१२१ | विल न १० हातले लेखेको | ४४१०० | ५७३३ |
| १८। २०७७।४।७ | डि आर सर्जिकल्स | ६१०८४५१२१ | विल न ४८ हातले लेखेको | १३४०० | १७४२ |
| १८। २०७७।४।७ | डि आर सर्जिकल्स | ६१०८४५१२१ | विल न ४९ हातले लेखेको | ५२५०० | ६८२५ |
| १८। २०७७।४।७ | डि आर सर्जिकल्स | ६१०८४५१२१ | विल न ४७ हातले लेखेको | २८६१५० | ३२१९९ |
| १८। २०७७।४।७ | डि आर सर्जिकल्स | ६१०८४५१२१ | विल न ३९ हातले लेखेको | १०५००० | १३६५० |
| **जम्मा** | | | | ७८७५१४ | ९३१२३ |

२८

**उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ९१ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ८६७६६९६० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ११४२३४१६४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३० | | | **डिपिआर खर्च**<br>सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| झोता जुईल रकैल सडक डि पि आर | मष्टा इन्जिनिइरिङ्ग | 1424818.13 | 1164136.4 | 845463079.32<br>**With Overhead, vat and continjency** |
| गाउँपालिका भवन डि पी आर | आवास इन्जिनियरिङ्ग | 1310194.32 | 1304178 | 105420512.35<br>**With overhead, vat and continjency** |
| जम्मा: | | 2735012.45 | 2468314.4 | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| ३१ | | | **सवारी साधन खरिद** | |

| | | | | |
|---|---|---|---|---|
| | | | अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यो आवमा कुनै सवारी साधन खरिद नगरेतापनि विगत आवमा पालिकाले ९ थान दुई पांग्रे सवारि साधनमा रु. २२१५१०० तथा १ थान चार पांग्रे सवारी साधनमा रु. ५५९०००० का समेत रु. ७८०५१०० खर्च गरेका छन् । | |
| ३२ | | | **हेभि इक्विपमेन्ट खरिद**<br>लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आ व २०७५।७६ मा हेभि इक्वीपमेन्टको रुपमा रु ३५३९००० को एक डोजर खरिद गरेको छ । | |
| ३३ | | | **दमकल तथा एम्बुलेन्स खरिद**<br>लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आ व २०७५।७६ मा रु १०९८५०० को एक एम्बुलेन्स खरिद गरेको छ । | |
| ३४ | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाइ अनिवार्य गर्नु पर्दछ । | |
| ३५ | | | **ग्रामिण जलस्रोत तर्फ**<br>ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारी गर्ने व्यवस्था छ । संरचना विषेश खानेपानी, सिचाई तथा प्लाष्टिक घरको लागत फिनल्याण्ड सरकार, पालिका र नेपाल सरकारले व्यहोरिने लागत अंश फरक फरक तय गरिएको छ ।पालिकामा यस वर्ष सञ्चालित ५ वटा योजनामा रु २ करोड ८३ लाख बजेट व्यवस्था भइ रु २ करोड ६७ लाख खर्च भएको छ । | |
| ३६ | | | **आवश्यकता भन्दा बढी अनुदान**<br>आवश्यकताको पहिचान गरी कार्यक्रम सञ्चालनको लागि उचित मात्रामा अनुदान दिनु वाञ्छनिय हुन्छ।भौ.नं.82-2077/12/30, बाट चौधारी मा. वि. को आई.एस्सी, एजी को विद्यार्थीहरुलाई प्राक्टिकल कार्यको लागि जग्गा भाडामा लिन भनी रु. 5 लाख अनुदान दिएको पाइयो।उक्त विद्यालयमा प्रथम वर्षमा 3 दोश्रो वर्षमा 7 जना, तेश्रो वर्षमा 13 जना गरी जम्मा 23 जना विद्यार्थी रहेको प्रमाण पेश भयो।विद्यालय अवलोकन गर्दा ठुला क्षेत्रफलका जग्गा विद्यालय परिसर मै भएको विद्यार्थीहरु अन्यत्र OJT मा जाने | ५००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको, प्रति वर्ष 1 लाखका दरले 5 वर्षका लागि एकमुष्ट जग्गा भाडामा लिएको विद्यार्थीले प्रयोगात्मक रुपमा कुनै पनि बाली नलगाएको साथै सो जग्गामा धान बाली सम्बन्धित किसानले लगाएको देखियो।अतः आवश्यकता नपर्ने स्थानमा पनि अनुदान माग गर्ने र अनुदान दिनेलाई जिम्मेवार बनाई यस प्रकारका अनुदान दिएको नियम सम्मत नदेखिएको रु | |
| ३७ | | | **मूल्याङ्कन वेगर भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली 2064 बमोजिम निर्माण मर्मत कार्यको नाप जाँच गरी प्राविधिक मूल्याङ्कन सहितका बिलभर्पाई प्रमाण संलग्न गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। भौ.नं. 168-2078/3/23 बाट वडा नं.-5 विद्युत विस्तारको लागि रु.1,20,000/- भुक्तानी गर्दा लागत अनुमान कार्य सम्पन्न प्रतिवेदन उपभोक्ता समितिको बैठकको निर्णय सम्बन्धित वडा कार्यालयको सिफारिस फोटो जस्ता कुनै पनि प्रमाण कागजात संगल्न नभएकोले सो को प्रमाण पेश हुनु पर्ने रु. | १२०,००० |
| ३८ | | | **कार्यक्रम वेगर योजना सञ्चालन**<br>2077 फागुन 6 गते बसेको आ.व. 2077/78 को हिउँदे अधिवेशनको 12 नं. को प्रस्तावमा आ.व. 2074/75 मा बशुधारा विनायक भन्ने ठाउँमा बजेट बिना नै सडक कट्टाई भुक्तानी दिन बाँकी रहेकोले आ.व. 2077/78 मा गाउँ सभाबाट विनियोजित बाशुधारा विनायक सडक निर्माणको 25 लाखबाट तत्कालिन समयका कार्यालय प्रमुख र प्राविधिक शाखा प्रमुखबाट गरिएको मूल्याङ्कन अनुगमन अनुसार गा.पा. अध्यक्ष, उपाध्यक्ष सबै वडाका वडा अध्यक्षहरुको संयुक्त सिफारिसमा भुक्तानी दिने निर्णय भएको छ।बाशुधारा विनायक सडकलाई भौ.नं 166-2078/3/23 बाट रु.23,75,000/- भुक्तानी भएको छ।2074/75 सालमा योजना वेगर नै लागत अनुमान स्विकृत नगरी काम गर्नपर्नुका कारण कार्यदेश दिने सम्झौता गर्नेबाट आधार प्रमाण सहित पुष्टयाई पेश हुनुपर्ने देखिन्छ। यसरी बजेट योजना वेगर नै जथाभाबी डोजर चलाउन लगाई भुक्तानी बाँकी राख्नेलाई जिम्मेबार बनाइनु पर्दछ । | |
| ३९ | | | **छाला प्रशोधन केन्द्र**<br>वडा नं.१ मा छाला प्रशोधन केन्द्रको भवन निर्माण गरी भौ.नं. 14-2078/3/17 बाट रु. 14,25,000/- खर्च लेखेको छ।छाला प्रशोधन केन्द्र दर्ता भएको प्रमाण, भवन बनेको जमिनको दर्ता प्रमाण वेगर खर्च गरेको पाइयो भने छाला प्रशोधन गर्ने मेशिन, छालाको श्रोत, कहाँबाट कति छाला प्राप्त हुने त्यसको बजार व्यवस्थाको अध्ययन नगरी मेशिन, मिस्त्रीको व्यवस्था नगरी हचुवाको भरमा भवन निर्माण गरेको हुँदा छाला प्रशोधन केन्द्र सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,४२५,००० |
| ४० | | | **सुरक्षित नागरिक आवास**<br>खरको छाना विस्थापित गरी टिनको छाना लगाउने भनी 81 जनाको खातामा रु.24,962।96 का दरले कुल रु. 20,22,000/- नगदै जम्मा गरि दिएको छ।सो रकम दिनु अघि पालिकामा कुल खरको छाना भएको घर कति थियो र यस वर्ष 81 घरको छाना फेरिए पछि अर्को आ.व. मा कति घरलाई दिनुपर्ने हो सो को विवरण प्रमाण वेगर अनुदान दिनु र अर्को वर्ष दिन बाँकीको विवरण अद्यावधिक नगरी अथवा छनौटको आधार तयार नगरी नगद वितरण गरेको छ भने उक्त रकमबाट कति जनाले टिनको छाना लगाए, कति जनाले लगाएनन् भन्ने निरीक्षण अनुगमन गर्नुपर्दछ। पालिकाले कुल खरको छाना भएको घर संख्या र अब टिनको छाना लगाउन बाँकी घर संख्या यकिन गरी विपरित रकमबाट टिनको छाना लगाएको प्रमाण पेश गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **निर्देशिका विपरित अनुदान**<br>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुको बुँदा नं. "ग" मा बुँदा नं. "क" र "ख" बमोजिम छनौट भएको महिला सहकारीका 25 जना सदस्यलाई प्रति सदस्य रु. 25 हजारका दरले हुने एकमुष्ट रु.6 लाख 25 हजार दिने उल्लेख छ। भौ.नं 96-2078/3/17 बाट जनजागरण महिला समुहलाई उक्त रकम एकमुष्ट अनुदान दिएकोमा समुहले सदस्यलाई नगदै रकम बैंक खातामा नदिई विभिन्न बाख्रा खरिद गरेका बिल संलग्न गरि 2 वटाका दरले बाख्रा दिएको भरपाई कागजात पेश गरेको छ। प्रत्येक सदस्यलाई 25 हजारका दरले सम्बन्धित सदस्यको बैंक खातामा रकम नदिई बाख्रा वितरण गरेको हुँदा यस सम्बन्धमा छानबिन गरी समुहका सदस्यको खातामा रकम नदिएको कारण सहितको पुष्ट्याई हुनुपर्ने रु. | ६२५,००० |
| ४२ | | | **कृषि र पशु पकेट विकास कार्यक्रम**<br>गो भौ १०७।२०७८।३।२० बाट यस कार्यक्रम अन्तर्गत खड्केली बाख्रा पालन कृषक समूहलाई ५० प्रतिशत अनुदानमा रु २००००० कार्यालयको तर्फबाट र रु २००००० जनसहभागिताको तर्फबाट गरी रु ४००००० को अनुदान दिएको पाइयो । यस कार्यक्रम अन्तर्गत उक्त कृषक समूहले रु १५००० का दरले ६ वटा उन्नत जातका माउ बाख्रा रु ९०००० मा र एउटा बोयर बोका रु २५०००० मा खरिद गरेको पाइयो । श्रेस्ता परीक्षण गर्दा उक्त बोकाको बिमा रु ७६००० को मात्र गरेको देखियो ।साथै उक्त बोका अष्ट्रेलियाबाट ल्याएको भनिएतापनि त्यहाँबाट ल्याएको भन्ने कुनै प्रमाण देखिएन । तसर्थ बोका अष्ट्रेलियाबाट ल्याएको प्रमाणको साथै उन्नत जातका बाख्राको तौल, उमेर र प्रतिकेजी लागत सहितको मूल्यांकन पेश हुनुपर्ने रु | ३४०,००० |
| ४३ | | | **बढी भुक्तानी**<br>कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी व्यवस्था छ ।जसअनुसार गाउँपालिका स्तरिय तालिममा सहायकस्तरको लागि कार्यपत्र वापत रु ७०० र कक्षा सञ्चालन वापत रु ६०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षा शाखाद्धारा सञ्चालित लेखा व्यवस्थापन तालिम सञ्चलन गर्दा सहायकस्तरका प्रशिक्षकद्धय श्री राजेन्द्र बहादुर खत्री र चेतराज चौधरीलाई निर्देशिका विपरीत रकम भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | १६,८०० |

| क्र. स. | नाम र पद | सेशन | भुक्तानी दिनुपर्ने दर | भुक्तानी दिएको दर | बढि दर रु | बढी भूक्तानी रकम रु |
|---|---|---|---|---|---|---|
| १. | लेखापाल राजेन्द्र बहादुर खत्री | ४ | १३०० | ३४०० | २१०० | ८४०० |
| २. | लेखापाल चेतराज चौधरी | ४ | १३०० | ३४०० | २१०० | ८४०० |
| जम्माः | | | | | | १६८०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | | | **कृषि कार्यक्रम तर्फ**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ । | | |

| भौ. नं. मिति | विवरण | विउ विजनको मूल्य |
|---|---|---|
| १६७।२०७७।१०।२८ | रायो, धनिया, मूला, चम्सुर, मेथी आदी | १२०००० |
| १९५।२०७७।१२।२ | सुन्तला विउ ४ के जी, दाँते ओखर विउ ५०<br>के जी ओखर बोट १२५० र स्याउ बोट १००० | २५७५०० |
| २५४।२०७८।२।८ | मुसुरो विउ र तोरी विउ | १२२४०० |
| २७६।२०७८।२।२१ | इडिमियल, मियल, अदुवा, टमाटर, भान्टा, लौका, करेला लगायतका विउ विजन | २६४००० |
| ३२५।२०७८।३।१७ | हल्दी विउ खरिद | ५२५०० |
| ३४४।२०७८।३।१९ | कागती १००० बोट, सुन्तला ८०० बोट र अमिलो ७०० बोट | ९५५०० |
| ३८२।२०७८।३।२३ | मासको विउ खरिद | ८७५०० |
| जम्माः | | ९९९४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | | | **सूचना तथा विज्ञापन छपाई**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।कुनैपनि पत्रिकामा सूचना प्रकाशन गर्दा सूचनाको साइज र दररेट उल्लेख गरी सूचना प्रकाशन गर्नुपर्दछ। पालिकाले पत्रिकामा सूचना प्रकाशन वापत निम्नानुसार | | |

भुक्तानी गर्दा प्रकाशित सूचनाको साइज र दररेट उल्लेख नगरी एक मुष्ट भुक्तानी गर्ने गरेको पाइयो । संलग्न पत्रिकाको सुचनाको साइज र दररेट खुलाएको विलअनुसार मात्र पालिकाले भुक्तानी गर्नुपर्दछ ।

| गो भौ । मिति | प्रयोजन | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| ३२६।२०७८।३।१७ | शुभकामना सन्देश, कोरोनासम्बन्धी सूचनाहरु | दैनिक सञ्चार | ५०००० |
| ३५२।२०७८।३।१९ | कोरोना सन्देश प्रकाशन | खप्तड मिडिया हाउस | १५००० |
| ३९३।२०७८।३।२४ | सूचनामूलक सन्देश | सुदुर दर्पण | १५००० |
| जम्मा | | | ८०००० |

४६

**शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।


https://nams.oag.gov.np

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री चौधारि मा वि चौधारि | १२ | १२ | ० | २५८ |
| २ | श्री दुर्गा मा वि थलि नौविस | ०८ | ०६ | ०२ | ५३१ |
| ३ | श्री सुर्योदय मा वि चुवावन | ०५ | ०५ | ० | ३०७ |
| ४ | श्री थलचौर मा वि | ०७ | ०७ | ० | ३४७ |
| ५ | श्री मष्टा मा वि चुवावन | ०२ | ०२ | ० | ३१५ |
| ६ | श्री गौरि नि मा वि जाफ्री | ०३ | ०३ | ० | ३०४ |
| ७ | श्री महालिङ्ग नि मा वि जौनार | ०५ | ०५ | ० | १९५ |
| ८ | श्री भैरव नि मा वि डुङ्ग्री | ०४ | ०४ | ० | २५० |
| ९ | श्री नवादेउ नि मा वि रकैल | ०४ | ०३ | ०१ | २९८ |
| १० | श्री नमादेव नि मा वि डाल्लेक | ०४ | ०४ | ० | १४० |
| ११ | श्री जनसहयोग प्रा वि थापागाँउ | ०२ | ०२ | ० | ५३ |
| १२ | श्री नमादेव प्रा वि भलाने | ०३ | ०२ | ०१ | ९३ |
| १३ | श्री कालिका प्रावि काठखेत | ०३ | ०३ | ० | ३३ |
| १४ | श्री मष्टा प्रा वि अठिमाडा | ०३ | ०३ | ० | ६३ |
| १५ | श्री नवदुर्गा प्रावि विनाडा | ० | ० | ० | ७५ |
| १६ | श्री वालउदय प्रावि गाग्रिपाटा | ०१ | ०१ | ० | ५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | श्री महादेव प्रावि सैन | ०१ | ०१ | ० | १२८ |
| १८ | श्री जनसहयोग प्रावि गैरा | ०३ | ०३ | ० | ११६ |
| १९ | श्री डाँडा बाग प्रावि मोरीवगर | ०२ | ०१ | ० | ३७ |
| २० | श्री धौल्देउ प्रा वि दौला | ० | ० | ० | २४५ |
| २१ | श्री भुवनेश्वरी प्रा वि माझीखान | ०२ | ०२ | ० | ४४ |
| २२ | श्री सरस्वति प्रा वि वुडामेल | ० | ० | ० | ३९ |
| २३ | श्री वालशिसु प्रावि मोरगाँउ | ०१ | ०१ | ० | २९ |
| २४ | श्री शिवशक्ति प्रावि सेलागाँउ | ० | ० | ० | ८९ |
| २५ | श्री वाठपाला प्रावि मौलाली | ० | ० | ० | ७३ |
| २६ | श्री वेतालदेव प्रावि भण्डेल गाँउ | ० | ० | ० | ५४ |
| २७ | श्री भगवति प्रावि रकैल | ० | ० | ० | ११० |
| २८ | श्री कणधार प्रावि कोइलीगाउँ | ० | ० | ० | ५२ |
| २९ | श्री सुर्मा प्रावि अन्जाडा | ० | ० | ० | २५ |

४७

**समानिकरण अनुदानबाट शिक्षकको तलव भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण बाट गत आ व २०७५।७६ मा बेरुजु आएकोले यो आ व मा कुनै पनि तलब भत्ता भुक्तानी नगरेको पाईयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | | | **सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षण**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० मा भएको व्यवस्था अनुसार आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १५००० का दरले अनुदान दिने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा २९ वटामा यस पालिकामा ६ वटा माध्यमिक तह सञ्चालित विद्यालयहरु र २३ वटा आधारभुत तह सञ्चालित विद्यालयहरुले लेखापरिक्षण नगराएको पाइयो । उक्त विद्यालयहरुलाइ लेखापरीक्षण वापत प्रदान गरिएको अनुदान रकम माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ रु ९०००० र आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ रु २३०००० गरी जम्मा रु ३२०००० रकमको लेखापरिक्षण गराएको प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ । | | |
| ४९ | | | **औषधि खरिद**<br>**औषधी खरिद**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. १७००००० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | | |
| ४९.१ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | | |
| ४९.२ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ५० | | | **प्रधानमन्त्री रोजगारी कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम | | |

सञ्चालन गरी यस वर्ष १४४ जनालाई रोजगारी उपलव्ध गराई रु. ७४४४८०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | गैरागाउँछानिगाउँहुदैडाडाँ सम्मकोगोरेटोबाटोनिर्माण | ४२ | २१७१४००।०० | बार्षिकसंयोजक र प्राबिधिकसहायकको समेत ९८०९८०।०० |
| ३ | मौलालिररजमालासिचाइ कुलोनिर्माण | १० | ५१७०००।०० | |
| ४ | चौधारिहुदैबल्ढुङ्गेसम्मको बाटोनिर्माण | ०९ | ४६५४००।०० | |
| ५ | खेलमैदाननिर्माणरखेल मैदानदेखिछिम्खोलासम्मको बाटोनिर्माण | १८ | ९३०६००।०० | |
| ६ | नैरेथुमचौबाताग्राबिलबाटो निर्माण | ४३ | २२२३९००।०० | |
| ७ | खेलमैदाननिर्माणरगैरा दौलाच्याकोटगोरेटोबाटो निर्माण | २२ | ११३७४००।०० | |

५१ **लाभग्राहीको नाम नविकरण**

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत गाँउपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ। | |
| ५२ | | | **प्रतिवेदन पेश गर्नुपर्ने**<br>सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । गाँउपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५३ | | | **दोहोरो सामाजिक सुरक्षा भत्ता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली 2077 को नियम 39 अनुसार रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाका विभिन्न वडा सचिवले सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न सेवाग्राहीरुलाई दोहोरो भुक्तानी दिएको पाइयो।दोहोरो परेको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ५६,८०० |

| वडा नं. | वडा सचिव | सेवाग्राहीको नाम | दोहोरो भुक्तानी रकम |
|---|---|---|---|
| 1 | दीर्घ ब. रावल | आईरन ओखेडा | 4800 |
| 7 | भक्त दमाई | झलु सार्की | 1600 |
| | | मुकेश सार्की | 1600 |
| | | दिपक सार्की | 1600 |
| 2 | रुपा कुमारी जोशी | रम्भा दमाई | 12000 |
| | | सीता देवी दौल्याल | 12000 |
| | | जुनतारा दमाई | 8000 |
| 5 | संजिव ब. सिंह | करिना जप्रेल | 1600 |
| | | मनिसा जप्रेल | 1600 |
| 4 | विशाल ब. बिष्ट | धन प्रसाद जैसी | 12000 |
| | **जम्मा** | | **56800** |

५४

**समिति गठन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ८ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

५५

**कार्य योजना**



https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ५६ | | | **विपद व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । यो वर्ष पालिकाले विपद कोषमा मौज्दात बाँकी रु. ६८०५४२ देखिन्छ । पालिकाले खर्च मध्ये सवै रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको/नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५७ | | | **बार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५८ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>**.१** पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।<br>**.२** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रकृया बेगरको निर्णय कार्यान्वियन नगर्ने व्यवस्था छ । | |
| ५९ | | | **कोभिड १९ तर्फ**<br>आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| **आम्दानी स्रोत** | **रकम रु** | **खर्च शिर्षक** | **रकम रु** |
|---|---|---|---|
| गत वर्षको अ ल्या | ३८५६००० | राहत वितरण | २४५८००० |
| संघिय संञ्चित कोषबाट | १०००००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ७०४००० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ४२५३००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | २५५३००० |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | १३२३००० |
| अन्य स्रोतबाट | ० | स्वास्थ्य पूर्वाधार निर्माण | २७७००० |
| | | जोखिम भत्ता | ३६८००० |
| | | प्रशासनिक खर्च | |
| | | अन्य खर्च | ७४६००० |
| | | वाँकी | ६८० |
| **जम्मा** | **९१०९०००** | | **९१०९०००** |

| | | | | |
|---|---|---|---|---|
| ६० | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्यौंट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्यौंट हुन नसकी पेश्की बाकी रहेको फछ्यौंट गर्नुपर्ने रु | ६००,००० |

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम |
|---|---|---|
| चम्ला गाड झुलुङ्गे पुल निर्माण उ स | निउली छब्बीस तारुगाड छाम्ला भामाली झो पु | ३००००० |
| निउली छब्बीस तारुगाड झोलुङ्गे पुल उ स | निउली छब्बीस तारुगाड छाम्ला भामाली झो पु | ३००००० |
| जम्मा | | ६००००० |

६१

**स्थलगत अवलोकन**

**स्थलगत अवलोगनः** गाउँपालिकाका निमित प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत, आन्तरिक लेखापरीक्षक, प्राविधिक समेतको उपस्थितिमा चौधारी मा.वि. 8 कोठे भवनको स्थलगत अवलोकनमा देखिएका व्यहोरा यस प्रकार छनः-

चौधारी मा.वि. को 8 कोठे भवन निर्माण गर्न रु. 92,23,849।45 को लागत अनुमान स्विकृत भएकोमा मष्टा विकास एवान निर्माण सेवा (पान नं.-608098807) ले रु. 66,75,000/- मा निर्माण सम्पन्न गर्ने गरी आ.व. 2075/76 मा बोलपत्र स्विकृत भएको रहेछ।मिति 2077/2/30 मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालसम्म रु. 38,49,907।80 (2076/3/27 सम्म) भुक्तानी भै भुई तल्लाको ४ कोठा तयार गरे पश्चात निर्माण व्यवसायीले म्याद थप माग नगरी निर्माण कार्य गर्न छोडेको रहेछ।भने कार्यालयले निर्माण कार्य गराउन पनि कुनै पहल गरेको देखिएन।स्थलगत अवलोकनको क्रममा उक्त नयाँ बनेको भवन भए तापनि जिर्ण अवस्थाको देखिन्छ।प्लाष्टर भएका भिताहरुमा ठाउँ-ठाउँमा चर्केको (चिर परेको) सिलिङ्गमा चिसो छिरेको कोठा भित्र गाईगोरु रहेको देखियो।यस्तो अवस्थाको भवनको प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी भुक्तानी भएको हुँदा प्राविधिक समेतको टोलीबाट छानबिन गरी सार्वजनिक खरिद ऐन,2063, नियमावली 2064 बमोजिम सम्बन्धितलाई जिम्मेबार बनाई कार्यसम्पन्न गर्नुपर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | <br>चित्र१: निर्मित ४ कोठे भवन<br><br>चित्र २: कोठाभित्र गाईगोरु रहेका<br><br>चित्र ३: सोहि भवनको ढलानको डण्डिमा खिया<br><br>चित्र ४: भवनको छेउपट्टिको पर्खाल चिरा परेको | |
| ६२ | | | | **बढी दरमा भुक्तानी**<br>१०७।२०७८।३।८ वोरागाउँ सौचालय निर्माण उपभोक्ता समितिलाई Stone soling in foundation in line level with compaction 10m lead को rate analysis र लागत अनुमानमा unit rate ४६७६.७० उल्लेख भएको तर summary of final Bill मा unit rate ५७५४.७० राखि भुक्तानी भएकाले सो आईटमको जम्मा परिमाण १.११ को १०७८ वढी rate राखि रु ११९६.५८ वढी भुक्तानीको रकम असुल गर्नुपर्ने रु | १,१९६ |
| ६३ | | | | **वहाल कर**<br>१२४–२०७८।०३।१४ गाग्रीपाटा वाटो सुधार उपभोक्ता समितिलाई वालुवा ढुवानी गरे वाफत रु २५००० वुझेकोमा सोको वहाल कर १० प्रतिशतका दरले रु २५०० कट्टी नभएकाले सो रकम असुल हुनु पर्ने रु | २,५०० |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **कोटेसनबाट खरिद**<br>१५०–२०७८।०३।२२ चौधारी माविलाई सामान खरिद वापतको रकम भुक्तानी गर्दा गापासँग विद्यालय व्यवस्थापानको लागि सामान खरिद गर्न रु १५ लाख रकमको सम्झौता भएको छ। सो वमोजिम सामान खरिद वापतको रकम गापाले विद्यालयलाई भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १ मा २० लाख रुपियासम्ममको जुनसुकै खरिद कार्य सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी प्रक्रिया पुर्याई खरिद गर्नुको सट्टा मौजुदा सूचीवाट ४ पटक कोटेसन आव्हान गरी रकम लाई ट्रक्रा पारी प्रतिस्प्रधालाई कमजोर पार्ने गरी खरिद गरेको छ ।पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार खरिद पर्दछ । | |
| ६५ | | | **सामाजिक सुरक्षा कर**<br>१५८–२०७८।०३।२३ वाँठवाला मन्दिर निर्माण वडा नम्वर ३ लाई भुक्तानी गर्दा डोर हाँजिरी जोडजम्मा गर्दा आउने जम्मा रकम रु ३६३७०० वाट जनश्रमदानको अंश रु ९५१८१.९८ कट्टी गर्दा वाँकी हुन आउने जम्मा रकम रु २६८५१८.०२ को सामाजिक सुरक्षा कर १ प्रतिशतका दरले रु २६८६ कट्टी हुनु पर्नेमा रु ७७४ मात्र कट्टी भएकाले वाँकी रकम रु १९१२ असुल हुनु पर्ने रु | १,९१२ |
| ६६ | | | **वासुधारा विनायक सडक उपभोक्ता समितिलाई भुक्तानी**<br>१६६–२०७८।०३।२३ वासुधारा विनायक सडक शिर्षकमा वजेट विनियोजन भई यस आर्थिक वर्ष र आर्थिक वर्ष २०७४।०७५ मा कार्य भएको देखाउने गरी दुईवटा छुट्टाछुट्टै कामको लागत अनुमान र प्राविधिक मूल्याङ्कन उठाई सोही वमोजिम भुक्तानी भएको देखिन्छ । यस आर्थिक वर्षमा कार्य भएको देखाउने गरी रु १७४५०९९.९७ को प्राविधिक अन्तिम विल तयार भई सोको आधारमा भुक्तानी भएको छ भने आर्थिक वर्ष २०७४।०७५ मा कार्य भएको देखाउने गरी ४५६४२८.०८ रकम वरावरको प्राविधिक अन्तिम विल तयार पारी सोही विलको आधारमा भुक्तानी भएको देखिन्छ । आर्थिक वर्ष २०७४।०७५ मा भएको उक्त कार्यको लागि अघिल्ला दुईवटा आर्थिक वर्षमा वजेट नछुटिनु र भुक्तानी पनि नहुनु तर यस आर्थिक वर्षमा पूरानो कार्यको भुक्तानी वाँकी भनी वजेटमा उल्लेख नै नगरी कार्यपालिकाको निर्णयको आधारमा उपयुक्त कारण विना नै कानून विपरित भुक्तानि भएकोले सो कार्य नियमसम्मत नभएको रु | ४५६,४२८ |
| ६७ | | | **गत विगतको खर्च भुक्तानी**<br>१६९–२०७८।०३।२३ बाट चौधारी स्वास्थ्य चौकीमा विगत ४८ महिनाको खानेपानीमा खर्च प्रति महिना रु ५०० का दरले जम्मा रु २४ हजार, कविराज सार्कीलाई भरपाई मार्फत(पान विल वेगर) वुझाएको देखाई सोही वमोजिम खर्च जनाई रमेश कुमार खातीलाई भुक्तानी भएको देखिन्छ । यस वर्षको खानेपानीको खर्च भुक्तानी गर्न उपयुक्त हुने भएपनि यस भन्दा अगाडीका तीनवटा आर्थिक वर्षको खर्च यस आर्थिक वर्षमा एकैचोटी भुक्तानी गर्न नमिल्ने भएकाले सो वापतको रकम रु १८००० असुल हुनु पर्ने रु | १८,००० |
| ६८ | | | **शसर्त पूँजि** | १,२५२ |

| | | | | |
|---|---|---|---|---|
| | | | ४६–२०७८।०३।२३ नमादेव आधारभुत विद्यालयलाई भुक्तानी गर्दा विलहरुको जोडजम्मा गर्दा हुन आउने जम्मा रकम रु ७५९१९४.१ को १.५ प्रतिशतका दरले अग्रिम कर रु ११३८८ कट्टी हुनु पर्नेमा रु १०१३६ मात्र कट्टी भएकाले कम कट्टी भएको रकम रु १२५२ असुल हुनु पर्ने रु | |
| ६९ | | | **प्रदेश विशेष योजना**<br>११–२०७८।०३।११, ओटतोला गोरेटो वाटो मर्मत उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक अन्तिम विलमा ग्याविन जाली ९५.१६ kg मूल्याङ्कन भई सोही वमोजिम नै भुक्तानी भएको तर उपभोक्ता विलमा जम्मा ८० kg मात्र खरिद भएको देखिन्छ । यसरी विल वेगर भुक्तानी भएको १५.१६ kg ग्याविन जालीको प्रति kg रु १७५.१५ ( उपभोक्ताले खरिद गरेको मूल्यलाई आधार वनाउँदा) का दरले हुन आउने जम्मा रकम रु २६५५.२७, लागत अनुमान तयार पार्दा उपभोक्ताको अंश २२.११ प्रतिशत हुने भनी उल्लेख गरिएको छ । सो आधारमा प्राविधिक अन्तिम विलमा मूल्याङ्कन भएको रकम २४११३४.१६ को २२.११ प्रतिशतका दरले ५३३१४.७६ कट्टी हुनु पर्नेमा रु ५०६९८.२२ मात्र कट्टी गरी कम कट्टी भएको उपभोक्ताको अंश रु २६१६.५४ समेत गरी जम्मा रु ५२७१.८१ असुल हुनु पर्ने रु | ५,२७२ |
| ७० | | | **प्रदेश शसर्त पूँजिगत**<br>१५–२०७८।०३।१८, सेलागाउँ सिचाई कुलो निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा से १ ख १४९७ नम्वरको ट्रकवाट ढुवानी गरेको जम्मा रु ४००००, सुप प्र ०१–००२ त ४३१० नम्वर गाडीवाट ढुवानी गरेको जम्मा रकम रु २५००० गरी जम्मा रु ६५००० को १० प्रतिशतका दरले रु ६५०० ढुवानी कर कट्टी हुनु पर्नेमा रु ४५०० मात्र कट्टी भएकाले कम कट्टी भएको रकम रु २००० असुल हुनु पर्ने रु | २,००० |
| ७१ | | | **अग्रिम कर कट्टा नगरेको**<br>१९–२०७८।०३।२२, अल्लो भाँगो प्रशोधन केन्द्र वडा नम्वर ३ लाई भुक्तानी गर्दा प्राविधिक अन्तिम विलमा सरिया १८.७२ kg मूल्याङ्कन गरी प्रतिकिलो रु ११३.५४ का दरले २१२५.४७ खर्च लेखेको तर सो सामानको उपभोक्ता विल पेश नभएकाले सामान नै खरिद नभई भुक्तानी भएको जम्मा रु २१२५.४७, विलहरुको जोडजम्मा गर्दा हुन आउने जम्मा रकम रु ५६५५१६.७६ को १.५ प्रतिशतका दरले हुन आउने जम्मा रकम रु ८४८२.७५ कट्टी हुनु पर्नेमा रु ४८८८.०९ मात्र कट्टी भएकाले कम कट्टी भएको रकम रु ३५९४.६६ गरी जम्मा रु ५७२०.१३ असुल हुनु पर्ने रु | ५,७२० |
| ७२ | | | **अतिथी सत्कार खर्च**<br>गापा चालूको १४१ बाट अतिथी सत्कारको खर्च ईलाका प्रहरी चौकी प्रमुख श्री अम्मरसिंह भण्डारीलाई भुक्तानी गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (९) अनुशार एक पटकमा अतिथी सत्कारमा कार्यालय प्रमुखले ५००० मा ननाघ्ने गरी खर्च गर्न सक्ने व्यवस्था रहेको छ । तर निज अम्मर सिंह भण्डारीलाई रु १८८१० अतिथी सत्कारमा खर्च जनाई भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रकम रु | १८,८१० |
| ७३ | | | **प्रमाण र कागजात वेगर खर्च** | १५,३०० |

| | | | | |
|---|---|---|---|---|
| | | | ३९३–२०७८।०३।२४, गाडी भाडा खर्च वापतको रकम RVWRMP का कृष्ण प्रशाद जोशीलाई भुक्तानी गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा विल, भरपाई, प्रमाण र कागजात वेगर खर्च गर्न नहुने कुरा उल्लेख गरिएको छ । दुर्गाथली देखि चैनपूर र चैनपूर देखि दुर्गाथली सम्म आवतजावत गरेको जम्मा गाडी भाडा वापतको रकम कर कट्टी गरी १५३०० भुक्तानी भएको छ । से १ ज ९०७ न को गाडी प्रयोग भएको भनिएपनि खर्च पुष्टि गर्ने विल भरपाई वेगर निज निवेदकको निवेदनकै आधारमा भुक्तानी भएकाले सो रकम असुल हुनु रु | |
| ७४ | | | **स्थानीय भत्ता कट्टी नगरी भुक्तानी**<br>शसर्त चालूको ५०–२०७७।१२।२५, सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धि तालिम सञ्चालन वापतको रकम रमेश विष्टलाई भुक्तानी गर्दा विभिन्न व्यक्तीहरुले दैनिक भ्रमण भत्ता वुझ्दा कानून वमोजिम स्थानीय भत्ता कटौति नभएकाले सो वापतको रकम निज व्यक्तीहरुवाट असुल हुनु पर्ने ।सुचना प्रविधि अधिकृत सुमन वोगटीले २०७७।१२।१६–१२।२० सम्म गरेको भ्रमण वापतको रकममा स्थानीय भत्ता कट्टी नभएको रु १६७५ र कम्प्यूटर अपरेटर तेज वहादुर सिंहले २०७७।१२।१६–१२।२० सम्म गरेको भ्रमण वापतको रकममा स्थानीय भत्ता कट्टी नभएको रु १०९३ गरी जम्मा २७६८ असुल हुनु पर्ने रु | २,७६८ |
| ७५ | | | **स्थानीय भत्ता कट्टी नगरी भुक्तानी**<br>७४–२०७८।०२।२५, कार्यक्रम सञ्चालन वापतको रकम स्वास्थ्य संयोजक वम वहादुर भण्डारीलाई भुक्तानी गर्दा भरपाईमा हस्ताक्षर नगरी भुक्तानी भएको रकम रु १७००, डिल्लीरमण जोशीले २०७७।०९।२६–१०।०१ भ्रमण गरे वापतको रकममा स्थानीय भत्ता कट्टी नभएकोले रु १६७५ र दिपक ऐडीले २०७७।०९।२६–१०।०१ सम्म गरेको भ्रमण वापतको रकममा स्थानीय भत्ता कट्टी नभएकाले रु १६७५ गरी जम्मा रु ५०५० असुल हुनु रु | ५,०५० |
| ७६ | | | **अग्रिम आयकर कट्टा नगरेको**<br>९२–२०७८।०३।१६, मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम वापतको रकम भुक्तानी गर्दा रु १४७०० को १.५ प्रतिशतका दरले अग्रिम आयकर रु २२१ कट्टी नभएको र कविता कुमारी रावलले सुत्केरी गराय वापतको रकम २१ दिनको रु ३०० का दरले वुझेको जम्मा रु ६३०० को १५ प्रतिशतका दरले हुन आउने रकम रु ९४५ कर कट्टी नभएको गरी जम्मा रु ११६६ असुल हुनु रु | १,१६६ |
| ७७ | | | **स्थानीय भत्ता कट्टा नगरेको**<br>१०८–२०७८।०३।२०, विभिन्न कार्यक्रम सञ्चालन वापतको रकम स्वास्थ्य संयोजक वम वहादुर भण्डारीलाई भुक्तानी गर्दा भरपाईमा हस्ताक्षर नगरी भुक्तानी भएको रु ६२०५ र निम्न व्यक्तीहरुले दैनिक भ्रमण खर्च वुझ्दा स्थानीय भत्ता कट्टी नभएकाले सो रकम असुल हुनु रु<br>• ३ दिनको दैनिक भ्रमण भत्तामा हंशराज दौल्यालको रु ८८६<br>• ४ दिनको दैनिक भ्रमण भत्तामा पदमराज भट्टको रु १२८०<br>• ४ दिनको दैनिक भ्रमण भत्तामा डिल्लीराज ओझाको रु १२८० | १०,३४१ |

| | | | | |
|---|---|---|---|---|
| | | | • ४ दिनको दैनिक भ्रमण भत्तामा जनस्वास्थ्य निरीक्षक दिपक वहादुर ऐडीको रु १२८०<br>• ४ दिनको दैनिक भ्रमण भत्तामा भानुभक्त जोशीको रु १२८० | |
| ७८ | | | **कर कट्टा नगरेको**<br>१०९– वाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम सञ्चालन वापतको रकम श्री वाटवाली वाख्रा श्रोतकेन्द्र विकास समूहलाई भुक्तानी गर्दा सामाजिक सुरक्षा कर रु ३५० कट्टी नभएको र पारीश्रमिक कर रु ४७४० कट्टी नगरिएकोले असुल हुनु पर्ने रु | ५,०९० |
| ७९ | | | **खर्च पुष्टि गर्ने कागजात उपलब्ध नभएको**<br>११४–२०७८।०३।२१, राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम सञ्चालन वापतको रकम सृजनशिल कृषक समूहलाई भुक्तानी गर्दा खर्च पुष्टि गर्ने कागजात उपलब्ध नभएकोले प्रमाण पेश गर्नुपर्नु रु | ७,०१० |
| ८० | | | **प्रमाण पेश नगरी खर्च**<br>१२६– २०७८।०३।२३, वाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम सञ्चालन वापतको रकम वाठवाला वाख्रा पालन समूहलाई भुक्तानी गर्दा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७.३ मा प्रमाण वेगर खर्च गर्न नहुने कुरा उल्लेख छ । कार्यक्रममा सहभागीहरुलाई प्रशिक्षण गरेको प्रमाणित गर्ने कागजात जस्तै फोटो, कार्यक्रमको उपस्थिती आदि वेगर नै सहभागीले रु २७२०० र प्रशिक्षक दिल वहादुर रोकायाले रु ४७०० वुझेको भरपाई पेश गरी जम्मा रु ३१९०० खर्च भुक्तानी भएको छ । पर्याप्त प्रमाण पेश नगरी खर्च भएको दावी सहित भुक्तानी माग भएकोले प्रमाण पेश हुनु पर्ने रु | ३१,९०० |
| ८१ | | | **प्रमाण र कागजात वेगर खर्च**<br>१२७–२०७८।०३।२३, वहुक्षेत्रीय पोषण कार्यक्रमको पेश्की फर्छौट गरी अम्मराज वडुलाई भुक्तानी गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा विल, भरपाई, प्रमाण र कागजात वेगर खर्च गर्न नहुने कुरा उल्लेख गरिएको छ । कार्यक्रमका विल भरपाईरु जोडजम्मा गर्दा हुन आउने रकम रु ११७०६६२ मानी सोही वमोजिम भुक्तानी हुनु पर्नेमा ११८०७०० मानी भुक्तानी भएकोले विल भरपाई वेगर वढी भुक्तानी भएको रु १०१३८, २०७८।०३।१५–०३।१९ सम्म अम्मराज वडुले गरेको भ्रमण वापतको दैनिक भ्रमण भत्ता वुझ्दा स्थानीय भत्ता कट्टी नभएको १६७५ र सो भ्रमण भत्तामा भ्रमण खर्च नियमावली, २०६४ को नियम १० को उपनियम ३ मा भएको व्यवस्था विपरित रु ४० फुटकर खर्च वुझेको गरी जम्मा रु १७१५ सहित रु ११८५३ असुल हुनु रु | ११,८५३ |
| ८२ | | | **स्थानीय भत्ता कट्टी नभएको**<br>१३७–२०७८।०३।२३, कार्यक्रम सञ्चालन वापतको रकम वम वहादुर भण्डारीलाई भुक्तानी गर्दा भरपाईमा हस्ताक्षर नगरी भुक्तानी भएको रु ११३०५ र दैनिक भ्रमण भत्ता भुक्तानी स्थानीय भत्ता कट्टी नभएका देहायवमोजिमका रकमहरु भत्ता वुझ्ने व्यक्तीहरुवाट असुल हुनुपर्ने रु<br>• पदमराज भट्टको २०७८।०३।१५—०३।१८ र २०७८।०३।११–०३।१४ को दैनिक भ्रमण भत्तामा कट्टी नभएको स्थानीय भत्ता रु २५६१ । | १५,६३९ |

| | | | | |
|---|---|---|---|---|
| | | | • हंशराज दौल्यालको २०७८।०३।१५–०३।१७ र २०७८।०३।१२।१४ को दैनिक भ्रमण भत्तामा कट्टी नभएको स्थानीय भत्ता रु १७७३ | |
| ८३ | | | **हस्ताक्षर वेगर भुक्तानी**<br>१४१–२०७८।०३।२४, कार्यक्रम सञ्चालन वापतको रकम अम्मराज वडुलाई भुक्तानी गर्दा भरपाईमा हस्ताक्षर नगरी भुक्तानी भएको रु १७०० कार्यक्रम सञ्चालकवाट असुल हुनु पर्ने रु | १,७०० |
| ८४ | | | **लघु उद्धम विकास कार्यक्रम तर्फ**<br>लघु उद्धम विकास कार्यक्रम तर्फः११२–२०७८।०३।२१, कार्यक्रम सञ्चालन वापतको रकम प्रदिप कुमार खडकालाई भुक्तानी गर्दा विलहरुको जोडजम्मा गर्दा हुन आउने रकम रु ३८९०३५ को १.५ प्रतिशतका दरले अग्रिम आयकर रु ५८३६ कट्टी हुनु पर्नेमा रु ५३६५ मात्र कट्टी भएकाले कम कट्टी भएको रु ४७१ र कार्यक्रममा भत्ता वितरण गरेवापतको जम्मा रकम रु ३०४००० को पारीश्रमिक कर १५ प्रतिशतका दरले रु ४५६०० कट्टी हुनु पर्नेमा रु ३१३५० मात्र कट्टी भएकाले कम कट्टी भएको रकम रु १४२५० गरी जम्मा रु १४७२१ असुल हुनु रु | १४,७२१ |
| ८५ | | | **पारीश्रमिक कर**<br>१५३–२०७८।०३।२७, कार्यक्रम सञ्चालन वापतको रकम प्रदिप कुमार खडकालाई भुक्तानी गर्दा कार्यक्रममा सहभागी ३८ जनाको भरपाईमा हस्ताक्षर नगरी भुक्तानी भएकोले सो वापतको रकम रु ४८४५०, विभिन्न व्यक्तिहरुलाई कार्यक्रममा रु ११९५०० भत्ता वितरण भएको छ । तर उक्त वितरण भएको रकमको १५ प्रतिशतका दरले पारीश्रमिक कर रु १७९२९ कट्टी नभएकाले सो वापतको रकम, गरी जम्मा रु ६६३७९ कार्यक्रम सञ्चालकवाट असुल हुनुपर्ने रु | ३,४७७ |
| ८६ | | | **ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना पूजिगत तर्फ**<br>१६०–२०७८।०३।२३, रनफल सोलार लिफ्टिङ वहुपयोगी संस्था लाई भुक्तानी गर्दा विलहरुको जोडजम्मा गर्दा हुन आउने जम्मा रकम रु ३८८५४९ को १.५ प्रतिशतका दरले अग्रिम आयकर रु ५८२८.२३ कट्टी हुनु पर्नेमा रु २३५१ मात्र कट्टी भएकाले कम कट्टी भएको रु ३४७७.२३ असुल हुनु पर्ने रु | ६६,३७९ |
| ८७ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br>गत वर्षसम्मको बाँकी बेरुजू (A): ४७४२२०००<br>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B): ५५६२५०<br>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B): ४६८६५१५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८८ | | | सम्परीक्षण<br>यस वर्ष फछ्र्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ८२ | चाडपर्व खर्च वढी भुक्तानी | १८६०० | | | | १८६०० |
| २ | २०७६।७७ | ९४ र १६८ | दोहोरो सा सु असुली | ५६८०० | | | | ५६८०० |
| ३ | २०७६।७७ | १०१ १०७ र १२१ | दोहोरो दैनिक भ्रमण भत्ता | ५१७५ | | | | ५१७५ |
| ४ | २०७६।७७ | १६० १६१ १६२ १६३ | कर दाखिला | २९१९९ | | | | २९१९९ |
| ५ | २०७६।७७ | ५१ | गुइलिगाड विद्युत उ स असुल | ५४८७३ | | | | ५४८७३ |
| ६ | २०७६।७७ | ७० | कार्यपत्र वेगर भत्ता | ८१०० | | | | ८१०० |
| ७ | २०७६।७७ | १८७ | कम राजश्व दाखिला | १३२९६० | | | | १३२९६० |
| ८ | २०७६।७७ | ७४ | दैनिक भ्रमण भत्ता | १८८४० | | | | १८८४० |
| ९ | २०७६।७७ | ९४ | दोहोरो सा सु | १२००० | | | | १२००० |
| १० | २०७६।७७ | १२० र १७१ | दोहोरो दैनिक भ्रमण भत्ता | ३४९२ | | | | ३४९२ |
| ११ | २०७६।७७ | १३५ | कर दाखिला | २५५० | | | | २५५० |
| १२ | २०७६।७७ | ११७ १७२ १७६ १६९ १७९ १७५ | दोहोरो दैनिक भ्रमण भत्ता | १४७०२ | | | | १४७०२ |
| १३ | २०७६।७७ | १३९ | कर दाखिला | ३४५ | | | | ३४५ |
| १४ | २०७६।७७ | ७४ | दैनिक भ्रमण भत्ता | २०२०० | | | | २०२०० |
| १५ | २०७६।७७ | १२६ र १४८ | कर दाखिला | २५१० | | | | २५१० |
| १६ | २०७६।७७ | १४९ | कर दाखिला | १३५० | | | | १३५० |
| १७ | २०७६।७७ | १२३ र १७४ | वढी भुक्तानी | ६३०० | | | | ६३०० |
| १८ | २०७६।७७ | ७७ | पारिश्रमिक कर कट्टी | २८२०० | | | | २८२०० |
| १९ | २०७६।७७ | ८० | कार्यक्रमको प्रमाण पेश | | १००००० | | | १००००० |
| २० | २०७६।७७ | ११३ | भ्रमण भत्तामा स्थानीय भत्ता कट्टी नगरेको | ८६१९ | | | | ८६१९ |
| २१ | २०७६।७७ | १४३ १४४ १४५ १७८ | भ्रमण भत्तामा स्थानीय भत्ता कट्टी नगरेको | ५८३५ | | | | ५८३५ |
| २२ | २०७६।७७ | ९४ | सा सु दोहोरो नभएको प्रमाण पेश | | २५६०० | | | २५६०० |
| जम्मा | | | | ४३०६५० | १२५६०० | | | ५५६२५० |

| | | | | |
|---|---|---|---|---|
| ८९ | | | बेरुजु अद्यावधिक | |

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ४७४२२००० | ५५६२५० | ५०६८०३४ | ० | ५१९३३७८४ |